भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति : २०८१/०५/२५

नगर कार्यपालिकाको ३२औं बैठकको एजेन्डा

मिति : २०८१/०५/२५ गते

समय : विहान ७:३० बजे

१) सातदोवाटो सपिंग कम्प्लेक्स भवन भाडामा लगाउन पुनः सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

२) वडा नं. ५ को कार्यालय भवन निर्माण आयोजनाको म्याद थप सम्वन्धमा ।

३) माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानमा शिक्षक व्यवस्थापन सम्बन्धमा ।

४) राजकुलो सिंचाई उपभोक्ता समिति, भीनपा ८ को स्थान परिवर्तन गरिदिन अनुरोध गर्ने सम्वन्धमा ।

५) होर्डिंग/डिजिटल (विज्ञापन) बोर्डको कर सम्वन्धमा ।

६) म्याग्नेसाईट (खरिढुंगा) को निकासी कर सम्वन्धमा ।

७) आयोजना शिर्षकान्तर/रकमान्तर सम्वन्धमा ।

८) जनवादी गणतन्त्र चीनको सहयोगमा MOU on Projects Aids to Nepal अन्तर्गत आयोजना छनौट सम्वन्धमा

९) कर्मचारीहरुको व्यवस्थापन (सरुवा) सम्वन्धमा

१०) विविध सम्वन्धमा :

क) लालीगुराँस युवा क्लब, चरिकोटले जात्रा पर्व सन्चालन खर्च सम्वन्धमा ।

ख) भीमेश्वर नगरपलिका वडा नं. २ पाखलती स्थित रहेको पिपलबोट ढुंगे धारा जीर्णोद्धार तथा ढुंगा छाप्ने कार्यका लागि बजेट माग सम्वन्धमा ।

ग) कृषि तथा पशुजन्य क्षतिको स्थलगत अध्ययन सम्वन्धमा ।

घ) सशस्त्र प्रहरी बलको भवन मर्मत सम्वन्धमा ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति : २०८१/०५/२५

**निर्णय नं. १** : भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित सातदोबाटो सपिंग कम्प्लेक्स भवन अधिकतम् १० वर्षका लागि तपसिल बमोजिम फ्याल्ट अनुसार भाडामा लगाउने प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | तल्ला | न्यूनतम भाडा रकम रु (मासिक) | कैफियत |
|---|---|---|---|
| १ | भुई तल्ला | ७०,०००/- | सत्तरी हजार |
| २ | पहिलो तल्ला | ४०,०००/- | चालिस हजार |
| ३ | दोश्रो तल्ला | ४५,०००/- | पैतालिस हजार |
| ४ | तेश्रो तल्ला | १,१०,०००/- | एक लाख दश हजार |
| ५ | चौथो तल्ला | १,६०,०००/- | एक लाख साठ्ठी हजार |
| ६ | पाचौ तल्ला | २,२५,०००/- | दुई लाख पच्चीस हजार |
| ७ | छैठौं/सातौ तल्ला (हल) | १,००,०००/- | एक लाख |
| **जम्मा** | | ७,५०,०००/- | |

**निर्णय नं. २** : भीमेश्वर नगरपालिका वडा नं. ५ को वडा कार्यालय भवन निर्माण आयोजनाको ठेक्काको म्याद २०८१ भदौ मसान्तमा समाप्त हुने भई म्याद थपका लागि निर्माण व्यवसायीबाट निवेदन पेश भएको प्राविधिकबाट समेत सिफारिस भई आएकोले २०८१ फागुन मसान्त (६ महिना) सम्म म्याद थप्ने निर्णय गरियो ।

**निर्णय ३** : आर्थिक वर्ष २०८१/८२ का लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शीर्षकबाट सेतीदेवी माध्यमिक विद्यालय भीनपा-७, काउलेमा २ जना अङ्ग्रेजी /गणित/विज्ञान विषयको अनुदान शिक्षक व्यवस्थापनका लागि अनुमति प्रदान गरिएकोमा विद्यालयबाट ३ पटक सम्म उल्लेखित विषयको शिक्षकको लागि दरखास्त आव्हान गर्दा समेत अध्यापन अनुमति पत्र प्राप्त विषयका उम्मेदवारको दरखास्त नपरेको कारण शिक्षण सिकाइमा बाधा पुगेको भनी विद्यालय व्यवस्थापन समितिको निर्णयसहित वैकल्पिक माध्यमबाट शिक्षक व्यवस्थापनका लागि अनुरोध भई आएको हुँदा अध्यापन अनुमति पत्र प्राप्त शिक्षक उपलब्ध नभएसम्मको लागि माध्यमिक तह तृतीय श्रेणी, शिक्षकको लागि आवश्यक पर्ने

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति : २०८१/०५/२५

सम्बन्धित विषयमा न्यूनतम शैक्षिक योग्यता भएका अध्यापन अनुमति पत्र प्राप्त नगरेका उम्मेदवारलाई समेत माध्यमिक तह (कक्षा ९-१०) विज्ञान र अङ्ग्रेजी विषयको अध्यापनका लागि करार शिक्षक व्यवस्थापन गरी चालु आ.व.का लागि पठनपाठन कार्यलाई अगाडी बढाउन विद्यालयलाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :** जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, चरिकोट, दोलखाको चालु आ.व. २०८१/०८२ को लागि स्वीकृत कार्यक्रम अन्तर्गत राजकुलो सिंचाई उपभोक्ता समिति, भीनपा ८ मा रु १०,००,०००/- (दश लाख) बिनियोजन भएकोमा उक्त राजकुलो सिंचाई उपभोक्ता समिति, भीनपा २ मा मात्र रहेकोले उल्लेखित योजनाको स्थान भीनपा २ कायम गरी कार्यान्वयन गरिदिन जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, दोलखा मार्फत खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, बागमती प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** भीमेश्वर नगरपालिका क्षेत्र भित्रका सार्वजनिक तथा निजी स्थानमा राखिएका होर्डिंग/डिजिटल व्यावसायिक बिज्ञापन बोर्डको विज्ञापन कर लगाउने सम्वन्धमा यस नगरपालिका अन्तर्गत राजश्व परामर्श समितिको वैठकमा निर्णय भई पेश भएको न्यूनतम रकम बार्षिक रु. १,००,०००/- (अक्षेरुपि एक लाख) कायम गरी सूचना प्रकाशन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :** यस नगरपालिका वडा नं. ९ स्थित म्याग्नेसाईट क्षेत्रबाट म्याग्नेसाईट वा खरिको धुलो धुलो निकासी हुने गरेको र चालु आ.व. २०८१/८२ को आर्थिक ऐनमा उक्त बस्तु समावेश हुन छुट भएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी म्याग्नेसाईट वा सो को धुलो निकासी दस्तुर प्रति के.जी. रु २ (दुई) कायम गरी कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :** भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रममा रहेको देहायका आयोजनाहरु संशोधनका लागि वडा समितिको बैठकबाट निर्णय गरी सम्वन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर /योजना संसोधन गर्ने निर्णय गरियो ।

वडा न.६

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ४७० | चितामथली पितृ कार्य भवन निर्माण आयोजना | २,००,०००/ | महांकाल प्रा.वि. बाल कक्षा कोठा सुधार तथा शैक्षिक सामाग्री | २,००,०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वितरण कार्यक्रम | |
| २ | ४६८ | युवा रोजगार शिपमूलक तालिम कार्यक्रम पचास प्रतिशत सहयोग | ५,००,०००/ | हाते ट्याक्टर मर्मत तालिम | १,००,०००/ |
| | | | | | |
| वडा नं. ९ | | | | | |
| | | मदन आश्रित बिश्राम मार्ग आयोजना (शहरी शासकीय क्षमता विकास कार्यक्रम) | १०,००,०००/- | मदन आश्रित बिश्राम मार्ग स्तरोन्नति तथा खोलानाला किनारा नियन्त्रण | १०,००,०००/- |

निर्णय नं. ८ : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको पत्रानुसार जनवादी गणतन्त्र चिनको स्वशासित क्षेत्र सिजाङ (तिव्वत) सँग जोडिएका जिल्लाहरुमा जनवादी गणतन्त्र चिनको सहयोगमा MoU on Projects Aid to Nepal अन्तर्गतका आयोजनाहरु माग गर्न अनुरोध भई आएकोले देहायका आयोजनाहरु छनौट गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

पूर्वाधार तर्फ :

१ भीमेश्वर रङ्गशाला पूर्वाधार विस्तार तथा स्तरोन्नति, भीनपा ३

२ बहुसाँस्कृतिक संग्रहालय, भीनपा ६

३ खोर्थली खुला चिडियाखाना पूर्वाधार निर्माण, भीनपा ३ र ६

४ चर्नावती -हात्तीछहरा - गणेशथुम्की साँस्कृतिक पदमार्ग तथा पर्यटकीय पूर्वाधार निर्माण, भीनपा ७

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल

विशकर्मा ढकाल
प्रमुख प्रशासकीय अधिकृत

५ शिव ताल स्तरोन्नति, भीनपा ९

६ मर्यांगखोला खर्दी सिंचाई आयोजना, भीनपा ३

७ बुढाभीमसेन मन्दिर तथा खेलमैदान पर्यटकीय पूर्वाधार आयोजना, भीनपा ५

८ विश्व बौद्व शान्ति पार्क, भीनपा २

९ ओखे खेलमैदान निर्माण, भीनपा ७

**वस्तुगत सहायता तर्फ :**

१) ब्रुमर हेभी

२) रोलर

३) एक्साभेटर २२०

४) पानी ट्यांकर

५) कृषि एम्बुलेन्स

**क्षमता विकास सम्वन्धी**

१.कृषि पर्यटन तथा औद्योगिक विकास अध्ययन भ्रमण

**निर्णय नं. ९ :** भीमेश्वर नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको उचित व्यवस्थापन (सरुवा) गर्ने प्रयोजनका लागि सुशासन तथा संस्थागत विकास समितिले मापदण्ड बनाई कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० विविध :**

क) लालीगुराँस युवा क्लब, चरिकोटले विभिन्न धार्मिक तथा साँस्कृतिक कार्यक्रम सन्चालन गरी साँस्कृतिक जगेर्ना गर्ने कार्य गरिरहेकोमा चालु आ.व. २०८१/८२ मा पार्न उक्त कार्यक्रम अन्तर्गत ५ (पाँच) जिल्लाबाट सहभागि गराई लाखेनाच प्रदर्शनी कार्यक्रम सन्चालन तथा गठेमङ्गल, लाखेनाच, गाईजात्रा, कृष्णाष्टमी लगायतका जात्रापर्व सन्चालनका लागि सहयोग माग भई आएकोमा ब.शि.नं. ४० को कार्यक्रम खर्च (धार्मिक साँस्कृतिक तथा जात्रा पर्व) बाट रु ५,५०,०००/- (पाँच लाख पचास हजार) उपलव्ध गराउने निर्णय गरियो ।

ख) भीमेश्वर नगरपालिका वडा नं. २ पाखलती स्थित रहेको पिपलबोट ढुंगे धारा जीर्णोद्धार तथा ढुंगा छाप्ने कार्यका लागि ब.शि.नं. २६२ को नगर पूर्वाधार निर्माण मर्मत तथा स्तरोन्नति कार्यक्रमबाट रु १,५०,०००/- (एक लाख पचास हजार) उपलव्ध गराउने निर्णय गरियो ।

ग) भीमेश्वर नगरपालिका क्षेत्रभित्र विभिन्न घटनाबाट हुने कृषि तथा पशुजन्य क्षतिको स्थलगत अध्ययन गरी राहत मापदण्ड तयार गर्न विपद व्यवस्थापन सहजीकरण समितिलाई निर्देशन दिने निर्णय गरियो ।

घ) सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गुल्म हे.क्वा., दोलखाको चिहानडाँडामा रहेको भवन मर्मतका लागि आर्थिक सहयोग माग भई आएकोले सो का लागि ब.शि.नं. २६२ को नगर पूर्वाधार निर्माण मर्मत तथा स्तरोन्नति कार्यक्रमबाट रु ३,००,०००/- (तीन लाख) उपलब्ध गराउने निर्णय गरियो ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३